# पञ्चकन्या गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## लाकुरीभञ्ज्याङ, नुवाकोट
## बागमती प्रदेश, नेपाल

प.सं.: २०८२/०८३

चु.नं : १८

मिति : २०८२।०९।१

**बाबु आमा विहिन बालबालिका संरक्षण कार्यक्रममा सहभागी हुने सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मितिः २०८२।९।१)**

बाबु आमा दुवै गुमाएका बालबालिकाको शिक्षा, स्वास्थ्य र पोषणको सुनिश्चितताका लागि आ.व. २०८२/०८३ को पञ्चकन्या गाउँपालिकाको स्वीकृत वार्षिक **बालमैत्री क्रियाकलाप** अन्तर्गत **बाबु आमा विहिन संरक्षण कार्यक्रम** संचालनका लागि यस गाउँपालिका भित्रका तपसिल बमोजिम योग्यता भएका बालबालिका स्वयंले वा निजको संरक्षक, माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले निम्नानुसारको कागजात सहित सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिनभित्र सम्बन्धित वडा कार्यालयमा गई निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

**भत्ता प्राप्त गर्ने बालबालिकाको योग्यता**

- बाबु आमा दुवैको मृत्यु वा दुवै बेपत्ता भएको,
- १८ वर्ष पुरा नभएको,
- ५ वर्ष उमेर पुरा भएका बालबालिकाको हकमा विद्यालय भर्ना भई नियमित विद्यालय जाने गरेको,
- कुनै गैर कानूनी वा अपराधिक कार्यमा संलग्न नभएको

१. **आवेदनको साथमा देहायका कागजातहरु संलग्न गर्नुपर्नेछः**

- जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि(नागरिकता भएमा नागरिकता प्रमाणपत्रको प्रतिलिपि)
- बाबु र आमा दुवैको मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपि वा बाबु आमा दुवै बेपत्ता भएको सम्बन्धित वडा कार्यालयको सिफारिस
- विद्यालयमा भर्ना भई नियमित विद्यालय जाने गरेको भनि सम्बन्धित विद्यालयले दिएको सिफारिस पत्र (५ वर्ष उमेर पुरा भएका बालबालिकाको हकमा)
- संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- सम्बन्धित बालबालिकाको संरक्षक हो भनी वडाले दिएको सिफारिस पत्र।

**(द्रष्टव्यः अघिल्ला वर्षहरुमा सहयोग पाईरहेको १८ वर्ष मुनिका बालबालिकाहरुले समेत पुनः यो सूचना बमोजिम निवेदन पेश गर्नुपर्नेछ।)**

**कविता भट्ट**
बालकल्याण अधिकारी